# सहिदभूमि गाउँपालिकाको आर्थिक ऐन, २०८२

## सहिदभूमि गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## पिप्ले, धनकुटा

## कोशी प्रदेश, नेपाल

# सहिदभूमि गाउँपालिकाको आर्थिक ऐन, २०८२

**प्रस्तावना:** सहिदभूमि गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, शुल्क, दस्तुर, भाडा आदि संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सहिदभूमि गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "सहिदभूमि गाउँपालिकाको आर्थिक ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि सहिदभूमि गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति कर:** (१) गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५(५) बमोजिम सम्पत्ति कर लाग्ने छैन भनी उल्लेख भएको घर र घरजग्गाको हकमा सोहि बमोजिम हुनेछ ।

३. **भूमिकर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमिकर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

४. **घर जग्गा बहाल कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छाप्रो, जग्गा वा पोखरी पूरै आंशिक तवरले बहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ ।

५. **व्यवसाय कर:** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसयिक कारोवार प्रयोग गरे वापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

७. **सवारी साधन कर:** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ, तर प्रदेश कानुन स्वीकृत भई सो को कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **<u>विज्ञापन कर:</u>** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असुलउपर गरिनेछ, तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **<u>मनोरञ्जन कर:</u>** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ, तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१०. **<u>बहाल बिटौरी शुल्क:</u>** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाटबजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. **<u>पार्किङ शुल्क:</u>** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१२. **<u>सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय:</u>** गाउँपालिकाको सम्पत्ति वहालमा दिएवापत अनुसूचि (११) बमोजिम सरकारी सम्पत्तिको वहाल शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. **<u>सेवा शुल्क तथा दस्तुर:</u>** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूचि (१२) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क, दस्तुर लगाइने र असुल उपर गरिनेछ ।

१४. **<u>ठेक्का आह्वान गर्न सक्ने:</u>** यस ऐन बमोजिम संकलन गर्ने स्थानीय कर, शुल्क तथा दस्तुर असुल गर्न अनुसूचि (१३) बमोजिम आय ठेक्का बन्दोबस्त गरी संकलन गरिनेछ ।

१५. **<u>कर छुट:</u>** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएको व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन, तर कुनै पनि किसिमको प्राकृतिक प्रकोप, सुख्खा खडेरी वा विपद्को समयमा गाउँसभाले निर्णय गरि कुनै पनि किसिमको छुट घोषणा गर्न बाधा पर्ने छैन ।

१६. **<u>अन्य व्यवस्था:</u>** सहिदभूमि गाउँपालिका अन्तर्गत सेवा लिन आउने सेवाग्राहीले सो सम्बन्धीत सेवा निजले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर र जरिवाना भुक्तानी गरेपश्चात् मात्र उपलब्ध गराइनेछ र यसरी सेवाग्राहीले बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता नभई सेवा उपलब्ध गराएमा सोको जिम्मेवार सेवा उपलब्ध गराउने सम्बन्धीत कर्मचारी वा पदाधिकारी हुनेछ ।

तर, कार्यालयबाट जारी हुने आर्थिक अवस्था कमजोर भएको सिफारिस, निःशुल्क स्वास्थ्य उपचार सिफारिस, विपद् सम्बन्धी सिफारिस, अपाङ्गता तथा विपन्न सिफारिस, गाउँपालिकाको योजना

तथा कार्यक्रमका लागि गरिएको सिफारिस, सामाजिक सुरक्षा भत्ता सम्बन्धी सिफारिस र प्रचलित कानुनले शुल्क नलाग्ने भनी तोकेको जुनसुकै सेवाको हकमा यो व्यवस्था लागु हुनेछैन ।

**१७. <u>निर्देशिका, कार्यविधि वा मार्गदर्शन बनाउन सक्नेः</u>** (१) यस ऐनको कार्यान्वयन गर्न सहिदभूमि गाउँपालिकाको गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधी वा मार्गदर्शन बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशिका, कार्यविधी वा मार्गदर्शन स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

**१८. <u>आवश्यक व्यवस्था गर्न सक्नेः</u>** (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा सहिदभूमि गाउँ कार्यपालिकाले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

## अनुसूचि १ (क)

## सम्पत्ति करको वार्षिक करको दर

| क्र.स. | मुल्यांकन रकम | | वार्षिक कर रु. |
|---|---|---|---|
| | देखि | सम्म | |
| १ | १ रुपैया | १ लाख | २५ |
| २ | १ लाख १ | २ लाख | ४० |
| ३ | २ लाख १ | ३ लाख | ५५ |
| ४ | ३ लाख १ | ४ लाख | ७० |
| ५ | ४ लाख १ | ५ लाख | ८५ |
| ६ | ५ लाख १ | ६ लाख | १०० |
| ७ | ६ लाख १ | ७ लाख | १२० |
| ८ | ७ लाख १ | ८ लाख | १५० |
| ९ | ८ लाख १ | ९ लाख | २०० |
| १० | ९ लाख १ | १० लाख | २५० |
| ११ | १० लाख १ | १२ लाख | ३०० |
| १२ | १२ लाख १ | १४ लाख | ३५० |
| १३ | १४ लाख १ | १६ लाख | ३५० |
| १४ | १६ लाख १ | १८ लाख | ४०० |
| १५ | १८ लाख १ | २० लाख | ४५० |
| १६ | २० लाख १ | २२ लाख | ५०० |
| १७ | २२ लाख १ | २४ लाख | ६०० |
| १८ | २४ लाख १ | २६ लाख | ७०० |
| १९ | २६ लाख १ | २८ लाख | ८०० |
| २० | २८ लाख १ | ३० लाख | १००० |
| २१ | ३० लाख १ | ३४ लाख | १२०० |
| २२ | ३४ लाख १ | ३८ लाख | १४०० |
| २३ | ३८ लाख १ | ४२ लाख | १६०० |
| २४ | ४२ लाख १ | ४६ लाख | २००० |
| २५ | ४६ लाख १ | ५० लाख | २४०० |
| २६ | ५० लाख १ | ६० लाख | ३००० |
| २७ | ६० लाख १ | ७० लाख | ४००० |

| | | | |
|---|---|---|---|
| २८ | ७० लाख १ | ८० लाख | ६००० |
| २९ | ८० लाख १ | ९० लाख | ८५०० |
| ३० | ९० लाख १ | १ करोड | १२००० |
| ३१ | १ करोड १ | १ करोड २० लाख | १५००० |
| ३२ | १ करोड २० लाख १ | १ करोड ४० लाख | १८००० |
| ३३ | १ करोड ४० लाख १ | १ करोड ६० लाख | २०००० |
| ३४ | १ करोड ६० लाख १ | १ करोड ८० लाख | २३००० |
| ३५ | १ करोड ८० लाख १ | २ करोड | २६००० |
| ३६ | २ करोड १ | २ करोड ५० लाख | ३०००० |
| ३७ | २ करोड ५० लाख १ | ३ करोड | ३५००० |
| ३८ | ३ करोड १ | ३ करोड ५० लाख | ४०००० |
| ३९ | ३ करोड ५० लाख १ | ४ करोड | ५०००० |
| ४० | ४ करोड १ | ४ करोड ५० लाख | ६०००० |
| ४१ | ४ करोड ५० लाख १ | ५ करोड | ७०००० |
| ४२ | ५ करोड १ रुपैया देखि माथि २ (दुई रुपैया) प्रति हजार | | |

## अनुसूचि १ (ख)

## सम्पत्ति कर प्रयोजनको लागि भौतिक संरचनाको मुल्याङ्कन दर

| सि.नं. | घरको आकार प्रकार बनौट | मुल्यांकन दररेट |
|---|---|---|
| १ | फुसको घर | २५ हजार |
| २ | ढुंगाको गारो, टिनको छानो भएको घर | २ लाख ५० हजार |
| ३ | ईटाको गारो, टिनको छाना | ५ लाख |
| ४ | छत ढलान घर ५०० वर्ग फिट सम्म | १० लाख |
| ५ | छत ढलान घर १००० वर्ग फिट सम्म | १२ लाख |
| ६ | छत ढलान घर २००० वर्ग फिट | १४ लाख |
| ७ | छत ढलान घर ३००० वर्ग फिट | १६ लाख |
| ८ | छत ढलान घर ३००० भन्दा माथि | १८ लाख |

## अनुसूचि २ (क)

## भूमिकर (मालपोत) को वार्षिक करको दर

| क्र.स. | मुल्यांकन रकम | | वार्षिक कर रु. |
|---|---|---|---|
| | देखि | सम्म | |
| १ | १ रुपैया | १ लाख | २५ |
| २ | १ लाख १ | २ लाख | ४० |
| ३ | २ लाख १ | ३ लाख | ५५ |
| ४ | ३ लाख १ | ४ लाख | ७० |
| ५ | ४ लाख १ | ५ लाख | ८५ |
| ६ | ५ लाख १ | ६ लाख | १०० |
| ७ | ६ लाख १ | ७ लाख | १२० |
| ८ | ७ लाख १ | ८ लाख | १५० |
| ९ | ८ लाख १ | ९ लाख | २०० |
| १० | ९ लाख १ | १० लाख | २५० |
| ११ | १० लाख १ | १२ लाख | ३०० |
| १२ | १२ लाख १ | १४ लाख | ३५० |
| १३ | १४ लाख १ | १६ लाख | ३५० |
| १४ | १६ लाख १ | १८ लाख | ४०० |
| १५ | १८ लाख १ | २० लाख | ४५० |
| १६ | २० लाख १ | २२ लाख | ५०० |
| १७ | २२ लाख १ | २४ लाख | ६०० |
| १८ | २४ लाख १ | २६ लाख | ७०० |
| १९ | २६ लाख १ | २८ लाख | ८०० |
| २० | २८ लाख १ | ३० लाख | १००० |
| २१ | ३० लाख १ | ३४ लाख | १२०० |
| २२ | ३४ लाख १ | ३८ लाख | १४०० |
| २३ | ३८ लाख १ | ४२ लाख | १६०० |
| २४ | ४२ लाख १ | ४६ लाख | २००० |
| २५ | ४६ लाख १ | ५० लाख | २४०० |
| २६ | ५० लाख १ | ६० लाख | ३००० |
| २७ | ६० लाख १ | ७० लाख | ४००० |
| २८ | ७० लाख १ | ८० लाख | ६००० |

| | | | |
|---|---|---|---|
| २९ | ८० लाख १ | ९० लाख | ८५०० |
| ३० | ९० लाख १ | १ करोड | १२००० |
| ३१ | १ करोड १ | १ करोड २० लाख | १५००० |
| ३२ | १ करोड २० लाख १ | १ करोड ४० लाख | १८००० |
| ३३ | १ करोड ४० लाख १ | १ करोड ६० लाख | २०००० |
| ३४ | १ करोड ६० लाख १ | १ करोड ८० लाख | २३००० |
| ३५ | १ करोड ८० लाख १ | २ करोड | २६००० |
| ३६ | २ करोड १ | २ करोड ५० लाख | ३०००० |
| ३७ | २ करोड ५० लाख १ | ३ करोड | ३५००० |
| ३८ | ३ करोड १ | ३ करोड ५० लाख | ४०००० |
| ३९ | ३ करोड ५० लाख १ | ४ करोड | ५०००० |
| ४० | ४ करोड १ | ४ करोड ५० लाख | ६०००० |
| ४१ | ४ करोड ५० लाख १ | ५ करोड | ७०००० |
| ४२ | ५ करोड १ रुपैया देखि माथि २ (दुई रुपैया) प्रति हजार | | |

## अनुसूचि २ (ख)

## सम्पत्ति कर/ भूमिकर (मालपोत) प्रयोजनको लागि जग्गाको मुल्याङ्कन दर

### १) व्यापारिक क्षेत्रको भूमिको वर्गिकरणः

| वडा नं. | स्थानको नाम | मुल्यांकन दररेट (प्रति रोपनी) |
|---|---|---|
| १ | त्रिवेणी पूलदेखि खुमेटोल सम्म | ३ लाख |
| | सिम्ले स्कूलदेखि सिम्ले पुलसम्म | १ लाख ८० हजार |
| | सुभारा टोलदेखि पुमाखोला सम्म घंघरु | २ लाख |
| | धाप ट्रान्सफर्मरदेखि खत्री खोला | ३ लाख |
| | सफाई : सुब्बा चोकदेखि पुल जानेसम्म | ३ लाख |
| २ | साम्बुगाउँ : कविरचोकदेखि वडा कार्यालय सम्म | ५ लाख |
| | अखुवाटार : पुलको जगदेखि भण्डारी चोक आसपास | ३ लाख |
| ३ | सिमझाङ्गमा खोला देखि मन्दिर माथिको देउराली सम्म | ६ लाख |
| | पंचकन्याको अन्तिम मोड देखि धारा सम्म | ५ लाख |
| | पंचकन्या चौक देखि वडा कार्यालय आसपास | ५ लाख |
| | डाडागाउँ लप्सी चौक देखि लामटोङ्गा चौक | ३ लाख |
| ४ | पिप्ले मेल्वा चोक देखि खोकु जाने वाटोको मोड सम्म | ८ लाख |

| | | |
|---|---|---|
| | खोकु जाने मोड देखि पुरानो पंचकृष्ण आसपास | ३ लाख |
| ६ | सुकेआहाल काब्राबोटे देखि भरिभण्डे (पोक्ला जाने बाटो) सम्म | ५ लाख |
| | थलथले मझियाटोल जाने बाटोदेखि बुढाहाङ्ग चोक सम्म | १० लाख |
| | थलथले बुढाहाङ्ग चोक देखि एवाई टोल सम्म | ५ लाख |
| | थलथलेबाट चाम्चा जाने सडक ३०० मीटर सम्म | ३ लाख |
| ७ | सासिङ्गटार : सिद्धटोल देखि माझीटोल सम्म | ३ लाख |

माथि उल्लेखित व्यवसायीक क्षेत्र माथि सडकको दायाँ बायाँ एक रोपनी वा १०० मीटरसम्म उल्लेखित दर कायम रहने छ ।

## २) आवासीय क्षेत्रको भूमिको बर्गिकरण :

| वडा नं. | स्थानको नाम | मुल्यांकन दररेट (प्रति रोपनी) |
|---|---|---|
| १ देखि ७ सम्म | (क) हिले छिन्ताङ्ग त्रिवेणी सडकले छोएका दायाँ बाँया आवासीय क्षेत्रहरु | २ लाख |
| | (ख) फुङ्गसुवा देखि त्रिवेणी हुदै अखुवाटार सम्म | २ लाख |
| | (ग) माथि उल्लेख गरिए बाहेकका मुख्य सडकले छोएर गएका सडकका वस्ती तथा आवासीय क्षेत्रहरु | १ लाख |
| | (घ) माथि उल्लेख गरिए बाहेक सहायक सडकले छोएर गएका सडकका वस्ती तथा आवासीय क्षेत्रहरु | ७० हजार |

माथि उल्लेख गरिएको दररेट सडकको क्षेत्राधिकार बाहेक दाया बायाँ एक रोपनी वा ५० मीटर सम्मको लागि कायम हुनेछ ।

## ३) कृषि क्षेत्रको भूमिको बर्गिकरण :

| वडा नं. | स्थानको नाम | मुल्यांकन दररेट (प्रति रोपनी) |
|---|---|---|
| १ देखि ७ सम्म | व्यवसायीक क्षेत्रको एक रोपनी वा १०० मिटर बाहेकको जग्गा | १ लाख |
| | आवासीय क्षेत्रको (क) र (ख) को क्षेत्रको एक रोपनी वा ५० मीटर वाहेकको जग्गाहरु | ७५ हजार |
| | आवासीय क्षेत्रको (ग) र (घ) क्षेत्रको ५० मीटर बाहेकको जग्गाहरु | ५० हजार |

### ४) वन, भिरपाखा, बगर क्षेत्रको भूमिको बर्गिकरण :

| वडा नं. | स्थानको नाम | मुल्यांकन दररेट (प्रति रोपनी) |
|---|---|---|
| १ देखि ७ सम्म | वनक्षेत्र, भिरक्षेत्र, पहिरो क्षेत्र, बगरक्षेत्र | २० हजार |

*मूल्यांकन र ह्रासकट्टीका थप आधारहरु :*

१. उल्लेखित प्रयोजनका लागी घडेरीमा अधिकतम एक रोपनी गणना गर्न एकजना व्यक्तिको एउटा कित्ता वा धेरै कित्तासँगै टाँसिएका हकमा लागुहुनेछ तर एउटा वडामा वा भिन्न-भिन्न वडामा फरक-फरक स्थानमा सडकसँग जोडिएको जग्गा भए उल्लेख भए मुताबिक गणना गरिनेछ ।

२. खोला बगर भन्नाले व्यक्तिको स्वामित्व भएको जग्गामा खोला पसीरबगी हाल खेति नभइरहेको वा अत्यन्त न्यूनमात्र खेतिहुने वा खेति योग्य बनाउन ठुलो लगानी आवश्यक पर्ने जग्गा भनी सम्झनु पर्छ।

३. वगर, भिरपाखामा घर भएकोमा एक रोपनी जमिनलाई घर भएको घडेरी मानी कृषिक्षेत्रको ग वर्गको मुल्यांकन गरी बाकी सबै जमिनलाई वगर, भिरपाखा अन्तर्गतको जुनस्तरमा पर्छ सोही मुताबिक कर गणना गरिनेछ ।

४. माथि उल्लेखित जुनसुकै क्षेत्रमा सडक छोएको जमिनको कर गणना गर्दा एक रोपनी वा १०० मिटर सम्मको जग्गाको हकमा सबै घडेरी मानी कर गणना गरिनेछ ।

५. माथि जुनसुकै कुरा उल्लेख भएको भएतापनि व्यवसायीक रुपमा प्रचलित कानुन बमोजिम घडेरीको कारोबार हुनेरभएका जग्गालाई घडेरीको रुपमा कर गणना गर्ने ।

६. दुई वा सो भन्दाबढी सडकले छोएको ७ रोपनी भन्दा बढीको जग्गामा दुबै तर्फबाट घडेरी मानी उल्लेख भए बमोजिम गणना गर्ने ।

७. व्यक्तिको स्यवंकर निर्धारणमा बढी मुल्य भए सोही बमोजिम अन्यथा कार्यालयले तोके बमोजिम दररेट मार्फत कर असुली प्रकृया अपनाइने ।

८. यस गाउँपालिकाबाट माथि उल्लखित सम्पत्ती तथा भूमिकर लागू हुनुपुर्व सम्पत्ती तथा भूमिकर बुझाउन बाँकीको हकमा साविकको दरलाइ समेत यसै वर्ष ०८२।८३ देखि कायम हुने दररेटसँग समायोजन गरी कर असुल उपर गरिनेछ ।

## अनुसूचि ३

## घर जग्गा बहाल करको दररेट

| क्र.स. | विवरण | प्रतिशत |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्रमा आफ्नो नाम वा स्वामित्वमा रहेको घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा यस्तै प्रकारका संरचना पुरै वा आंशिक रुपमा बहालमा दिएमा सम्बन्धीत घरधनीबाट वा बहाल सम्झौताबाट लिने बहालकर | १०% |

## अनुसूचि ४

## व्यवसाय करको दररेट

### ४. व्यवसाय कारोवारको वार्षिक करको दररेट

### ४.१) व्यापारिक वस्तु :

(क) चुरोट, रक्सी र ज्वेलरी खरिद एवम् विक्री :

| सि.न. | विवरण | वार्षिक कर रु. |
|---|---|---|
| १ | १ लाख देखि ५ लाख सम्म | १०००।०० |
| २ | ५ लाख देखि ३० लाख सम्म | २५००।०० |
| ३ | ३० लाख देखि १ करोड सम्म | ४०००।०० |
| ४ | १ करोड देखि माथि | ७०००।०० |

(ख) क्यामारा, टेलिभिजन, चश्मा, मोवाईल तथा अन्य विद्यूतीय सामग्री जस्तै (सि.डि.प्लेयर, कम्प्यूटर, विद्यूत सामग्री, हार्डवेयर सामग्री) विक्री आदि ।

| सि.न. | विवरण | वार्षिक कर रु. |
|---|---|---|
| १ | ५ लाख सम्म | १०००।०० |
| २ | ५ लाख देखि २० लाख सम्म | २०००।०० |
| ३ | २० लाख देखि १ करोड सम्म | ४०००।०० |
| ४ | १ करोड देखि माथि | ६०००।०० |

(ग) मोटरसाइकल, कार जीप, ट्याक्टर विक्री, अटोमोवाइल्स, मोटरपार्टस्, मोविल एवम् ग्रिज विक्री, कृषि सामग्री औजार, मिल र मेशिनरी आदि।

| सि.न. | विवरण | वार्षिक कर रु. |
|---|---|---|
| १ | ५ लाख सम्म | १५००।०० |
| २ | ५ लाख देखि २० लाख सम्म | २५००।०० |
| ३ | २० लाख देखि १ करोड सम्म | ४०००।०० |
| ४ | १ करोड देखि माथि | ७०००।०० |

(घ) दैनिक खाद्यपदार्थ, किराना, किताव, कपी स्टेशनरी सामान, किराना, मिठाई, दाउरा विक्री, दूध, दही, उपहार, मल, विउ, गाई दाना, चोकर, कुखुरा दाना, पशुपन्छी आहार आदि ।

| सि.न. | विवरण | वार्षिक कर रु. |
|---|---|---|
| १ | १ लाख सम्म | ७००।०० |
| २ | १ लाख देखि ५ लाख सम्म | १५००।०० |
| ३ | ५ लाख देखि १० लाख सम्म | २०००।०० |
| ४ | १० लाख देखि २० लाख सम्म | ३०००।०० |
| ५ | २० लाख देखि माथि | ५०००।०० |

(ङ) कोल्डडिक्स, रिल बिक्री, सिसा फ्रेमिङ, जनरल गूड्स आदि ।

| सि.न. | विवरण | वार्षिक कर रु. |
|---|---|---|
| १ | १ लाख सम्म | ७००।०० |
| २ | १ लाख देखि ५ लाख सम्म | १०००।०० |
| ३ | ५ लाख देखि १० लाख सम्म | १५००।०० |
| ४ | १० लाख देखि २० लाख सम्म | ३०००।०० |
| ५ | २० लाख देखि माथि | ५०००।०० |

(च) सूतिकपडा, रेडिमेड कपडा

| सि.न. | विवरण | वार्षिक कर रु. |
|---|---|---|
| १ | ५ लाख सम्म | १०००।०० |
| २ | ५ लाख देखि २० लाख सम्म | २०००।०० |
| ३ | २० लाख देखि १ करोड सम्म | ३०००।०० |
| ४ | १ करोड देखि माथि | ५०००।०० |

### ४.२) विशेषज्ञ सेवा :

(क) चिकित्सक, अहेव, कविराज, होमियोपेथिक, आर्यूवेदिक, पशु डाक्टर, भेटरीनरी, औषधी, सर्जिकल आदि ।

| सि.न. | विवरण | वार्षिक कर रु. |
|---|---|---|
| १ | एम.डि. गरेको डाक्टर | २०००।०० |
| २ | एम.बि.बि.स. डाक्टर र पशु डाक्टर | १२००।०० |
| ३ | पशु सहायक | ५००।०० |
| ४ | कविराज, होमियोपेथिक, आर्युवेदिक डाक्टर | १०००।०० |
| ५ | सर्जिकल सामान खुद्रा | १५००।०० |
| ६ | भेटरीनरी औषधी खुद्रा | १०००।०० |
| ७ | औषधी पसल खुद्रा | १०००।०० |
| ८ | औषधी पसल थोक | ३०००।०० |
| ९ | भेटरीनरी औषधी थोक | १५००।०० |
| १० | सर्जिकल सामान थोक | ३५००।०० |
| ११ | गैर सरकारी नर्सिङ्ग होम, अस्पताल | ५०००।०० |
| १२ | ल्याब, एक्सरे क्लिनिक, प्रयोगशाला | २०००।०० |
| १३ | भिडियो एक्सरे सेवा | २०००।०० |
| १४ | कविराज, होमियोपेथिक, आर्युवेदिक अहेव | ३००।०० |
| १५ | बूटिक पसल, कपडामा बूट्टा गर्ने | ७००।०० |
| १६ | शारिरीक व्यायाम सामग्री बिक्री | १५००।०० |

(ख) टेलिचलचित्र तथा बृतचित्र निर्माण, परामर्श सेवा, अनुसन्धान तथा परामर्शदाता, यातायात, सर्वेयर, अनुवादक, छापाखाना, प्रेस, स्क्रीन प्रिन्टर्स आदि ।

| सि.न. | विवरण | वार्षिक कर रु. |
|---|---|---|
| १ | ५ लाख सम्म | १०००।०० |
| २ | ५ लाख देखि २० लाख सम्म | २०००।०० |
| ३ | २० लाख देखि १ करोड सम्म | ३०००।०० |
| ४ | १ करोड देखि माथि | ६०००।०० |

(ग) केवल नेटवर्क, इन्टरनेट नेटवर्क

| सि.न. | विवरण | वार्षिक कर रु. |
|---|---|---|
| १ | ५०० सम्म ग्राहक भएको | ५०००।०० |
| २ | ५ सय देखि १ हजार सम्म ग्राहक भएको | ७०००।०० |
| ३ | १ हजार देखि २ हजार सम्म ग्राहक भएको | १२०००।०० |
| ४ | २ हजार सम्म ग्राहक भएको | १५०००।०० |

(घ) निर्माण व्यवसायी : "घ" वर्गको निमार्ण व्यवसायी इजाजत दस्तुर र नविकरण

| सि.न. | विवरण | वार्षिक कर रु. |
|---|---|---|
| १ | इजाजत दर्ता दस्तुर | ७०००।०० |
| २ | नविरकण | ५०००।०० |
| ३ | नविकरण थप/जरिवाना | २०००।०० |
| ४ | प्रतिलीपी | २०००।०० |

(ङ) कानुन ब्यवसायी

| सि.न. | विवरण | वार्षिक कर रु. |
|---|---|---|
| १ | बरिष्ठ अधिवक्ता | २०००।०० |
| २ | अधिवक्ता | १५००।०० |
| ३ | अभिवक्ता | ७००।०० |
| ४ | अभिकर्ता | ५००।०० |

(च) लेखापरिक्षक

| सि.न. | विवरण | वार्षिक कर रु. |
|---|---|---|
| १ | श्रेणी क | ५०००।०० |
| २ | श्रेणी ख | ३०००।०० |
| ३ | श्रेणी ग | २०००।०० |
| ४ | श्रेणी घ | १०००।०० |

(छ) अन्य फर्म :

| सि.न. | विवरण | वार्षिक कर रु. |
|---|---|---|
| १ | बिमा एजेन्ट विदेशी | ३०००।०० |

| | | |
|---|---|---|
| २ | बिमा एजेन्ट स्वदेशी | १५००।०० |
| ३ | विज्ञापन एजेन्सी | १५००।०० |
| ४ | सेयर दलाल | १०००।०० |
| ५ | अभिकर्ता | ५००।०० |
| ६ | कानुनी फर्म | १५००।०० |

**४.३) सञ्चार सेवा :**

एफ.एम. रेडियो, पत्रपत्रिका, निजी क्षेत्रको हुलाक सेवा, टेलिफोन , फ्याक्स, फोटोकपि , आइ.एस. टि.डि., एस. टि.डि., कूरियर सेबा, इन्टरनेट कम्प्यूटर सेवा आदि ।

| सि.न. | विवरण | वार्षिक कर रु. |
|---|---|---|
| १ | २ लाख सम्म | ७००।०० |
| २ | २ लाख देखि ५ लाख सम्म | १२००।०० |
| ३ | ५ लाख भन्दा माथि | २२००।०० |
| ४ | दैनिक पत्रिका | ७००।०० |
| ५ | साप्ताहिक पत्रिका | ५००।०० |
| ६ | एफ.एम.रेडियो प्रसारण | २००००।०० |

**४.४) वित्तीय सेवा :**

| सि.न. | विवरण | वार्षिक कर रु. |
|---|---|---|
| १ | निजी वाणिज्य वैक तथा बिमा कम्पनी | १००००।०० |
| २ | विकास बैंक | १००००।०० |
| ३ | फाइनान्स कम्पनी | ८०००।०० |
| ४ | लघुवित्त कारोवार तथा गैरसरकारी वित्तिय कारोवार | ५०००।०० |
| ५ | बचत तथा ऋण सहकारी संस्था | ३०००।०० |
| ६ | मनिट्रान्फर कारोवार गर्ने संस्था | २०००।०० |
| ७ | उपभोक्ता सहकारी, कृषि तथा दुग्ध सहकारी | १०००।०० |

**४.५) शिक्षा सेवा :**

(क) निजी विद्यालय, क्याम्पस, विश्वविद्यालय, कलेज, ईन्जिनियरिङ्ग आदि ।

| सि.न. | विवरण | वार्षिक कर रु. |
|---|---|---|
| १ | आधारभूत तह विद्यालय | १५००।०० |

| | | |
|---|---|---|
| २ | माध्यमिक तह विद्यालय | ३०००।०० |
| ३ | प्राविधिक शिक्षालय (९-१२ कक्षा सम्मको) | ३०००।०० |
| ४ | विश्वविद्यालय अन्तर्गतका क्याम्पस, मेडिकल कलेज, नर्सिंग होम, इन्जिनियरीङ्ग कलेज लगायत यस्तै सेवाप्रदायक संस्था | ६०००।०० |

(ख) अन्य

| सि.न. | विवरण | वार्षिक कर रु. |
|---|---|---|
| १ | तालिम तथा अनुसन्धान, टाइपिङ्ग कम्प्यूटर तथा भाषा प्रशिक्षण, अन्तराष्ट्रिय गैर सरकारी संस्थाबाट दिइने शिक्षा सेवा तथा कोचिंङ्ग सेन्टर आदि | १०००।०० |

### ४.६) पर्यटन सेवा :

होटल, लज, फास्टफूड, रेष्टुरा, रिसोर्ट, प्लाजा, बोटिंङ्ग, स्टीमर, बन्जि, रक क्लाईम्बिङ्ग लगायत आदि ।

| सि.न. | विवरण | वार्षिक कर रु. |
|---|---|---|
| १ | २ लाख सम्म | १०००।०० |
| २ | २ लाख देखि ५ लाख सम्म | १७००।०० |
| ३ | ५ लाख देखि २० लाख सम्म | ३०००।०० |
| ४ | २० लाख भन्दामाथि | ६०००।०० |
| ५ | साना क्यासिनो | २००००।०० |

### ४.७) अन्य सेवा :

| सि.न. | विवरण | वार्षिक कर रु. |
|---|---|---|
| १ | वैदेशिक रोजगार शाखा र जग्गा व्यवसायी संस्था | ३०००।०० |
| २ | उद्योग, संघ, संस्था, कलकारखाना आदिमा स्वदेशको लागि जनशक्ति सप्लाई गर्ने र सेक्रेटरियल सेवा | १५००।०० |
| ३ | कलरल्याव | २५००।०० |
| ४ | विज्ञापन सेवा, ड्राईक्लिनर्स, फोटोस्टुडियो | १०००।०० |
| ५ | ब्युटीपार्लर, केशश्रृगार, साईनबोर्ड, पेन्टिङ, सैलुन | ७००।०० |
| ६ | मासु (खसी, कुखुरा, रांगा वा अन्य) खूद्रा विक्रेता | ७००।०० |
| ७ | मासु प्याकेजिङ (खसी, कुखुरा , रांगा वा अन्य) र पशु बधशाला | १०००।०० |

| | | |
|---|---|---|
| ८ | मासु (खसी, कुखुरा, रांगा वा अन्य) थोक विक्रेता | १५००।०० |
| ९ | वैण्ड बाजा | १०००।०० |
| १० | सितभण्डार | ५०००।०० |
| ११ | क्याटरिङ्ग सेवा समेत भएको टेण्ड हाउस | २०००।०० |
| १२ | हाफ क्याटरिङ्ग | १२००।०० |
| १३ | साईवर क्याफे | १०००।०० |
| १४ | खाजा खाना तथा सामाजिक समारोहको प्रयोजन गर्ने | २०००।०० |
| १५ | टेण्ड हाउस मात्र | १०००।०० |
| १६ | कवाडी पसल थोक | ३०००।०० |
| १७ | कवाडी पसल खूद्रा | १०००।०० |
| १८ | ढुवानी सेवा शाखा भएका | ३०००।०० |
| १९ | ढुवानी सेवा शाखा नभएको | १०००।०० |
| २० | खानामात्र विक्री होटल | ७००।०० |
| २१ | १ मेसिन राखी कपडा सिलाई गर्ने (मेसिन थप भएमा १ मेसिन बराबर थप रु १००।) | ७००।०० |
| २२ | खाद्यान्न सम्बन्धी कांटा व्यवसायी | १२००।०० |
| २३ | पेट्रोलियम पदार्थ डिजेल र पेट्रोल दुवै भएको | ५०००।०० |
| २४ | पेट्रोलियम पदार्थ डिजेल र पेट्रोल एकमात्र मात्र भएको | ३०००।०० |
| २५ | ग्यास विक्री डिलर | १५००।०० |
| २६ | भाडावर्तन, जूत्ताचप्पल, कस्मेटिक, मनिहारी, हेल्थ केयर, कृत्रिम गहनाहरुको खुद्रा विक्रेता र मट्टितेल डिलर | १२००।०० |
| २७ | भाडावर्तन, जुत्ता, चप्पल, कस्मेटिक, मनिहारी, हेल्थ केयर, कृत्रिम गहनाहरुको थोक विक्रेता | २५००।०० |
| २८ | डिपार्टमेन्ट स्टोर | ३०००।०० |
| २९ | गहनाहरु ज्यालामा बनाउने | १५००।०० |
| ३० | रेडिमट (निर्माण) फर्निचर सामग्री विक्री | २०००।०० |

**४.८) मर्मत सेवा :**

| सि.न. | विवरण | वार्षिक कर रु. |
|---|---|---|
| १ | ट्याक्टर, बस, ट्रक, हेवी इक्यूवमेन्ट, कार, जीप, सवारी डेन्टिङ्ग पेन्टिङ्ग, हुडसिट, मोटरपार्टस मिल, मेशीनरी, एयरकूलर, टायर रिसोलिशङ्ग | १५००।०० |

| | | |
|---|---|---|
| २ | रेडियो, घडी, टिभि, ग्यास चूल्हो, सेल्स, डाइनोमाइट, फ्रिज, गाडीको पम्प, टायर, ट्यूव पङ्चर, ग्यास वल्डिङ्ग, बक्सा मर्मत गर्ने ,साइकल, रिक्सा, मोटरसाईकल मर्मत, लुगा सिउने मेशिन मर्मत अन्य इलेक्ट्रोनिक्स मर्मत, फोटोकपी सञ्चालन आदि व्यवसाय | ८००।०० |

**४.९) उद्योगः**

४.९) (क) उद्योग :

चक उद्योग, दाना उद्योग, फिनेल उद्योग, निर उद्योग, औषधी उद्योग, उत्पादनमुलक उद्योगको डिपो, सौर्य उर्जा उत्पादन, मिश्री चकलेट उद्योग, पापड फिज चिप्स उद्योग, पाउरोटि उद्योग, बरफ उत्पादन, झुल तथा पर्दा उत्पादन, धान, गहुँ, चिउरा, मसला, तेल कूटानी पिसानी पेलानी उद्योग, घरेलु कपडा बनाउने उद्योग, डेरी उत्पादन, चिनी उद्योग, कृषि फार्म, बिरुवा नर्सरी फार्म, पशुपालन फार्म, मत्स्य फार्म, कुखुरा तथा पन्छीजन्य फार्म, काठको फर्निचर उद्योग, स्टील दराज उत्पादन, ग्रिल उत्पादन, डोरी, डब्बा, वाल्टीन आदी बनाउने उद्योग, निर्माण उद्योग, खनिज उद्योग, सेलर मिल, काठको मिल, उर्जामुलक उद्योग, प्याकेजिञ् लगायत नेपाल सरकारबाट उद्योगको प्रमाणपत्र प्राप्त गरेकाहरु आदि ।

| सि.न. | विवरण | वार्षिक कर रु. |
|---|---|---|
| १ | २ लाख सम्म | ७००।०० |
| २ | २ लाख देखि ५ लाख सम्म | १४००।०० |
| ३ | ५ लाख देखि २० लाख सम्म | २०००।०० |
| ४ | २० लाख देखि ५० लाख सम्म | ३०००।०० |
| ५ | ५० लाख देखि १ करोड सम्म | ५०००।०० |
| ६ | १ करोड देखिमाथि | ८०००।०० |

३.९) (ख) उद्योग :

| सि.न. | विवरण | वार्षिक कर रु. |
|---|---|---|
| १ | ट्यूबलाईट उद्योग, व्याट्री उद्योग, प्लाष्टिकका सामानहरु उत्पादन गर्ने उद्योग, विडी बनाउने फ्याक्ट्री, साबुन उत्पादन, वियर फयाक्ट्री, वाइन उत्पादन उद्योग, मदिरा उत्पादन उद्योग | ५०००।०० |

**४.१०) अन्य वर्गीकरणमा नखूलेका व्यवसायहरु :**

| सि.न. | विवरण | वार्षिक कर रु. |
|---|---|---|
| १ | आलू प्याज, हरियो तरकारी, फलफुल थोक बिक्री | १२००।०० |
| २ | खूद्रा तरकारी, चिया, फलफूल, पानपसल, साना घुम्ति पसल, हस्तकला खुद्रा काम गर्ने पसल | ५००।०० |

## अनुसूचि ५

## जडिबुटी, कवाडी र जीवजन्तु करको दर

५) यस गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस र प्रचलित कानूनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता वस्तुको व्यवसायीक कारोबार गरेवापत वार्षिक रु ५०००। का दरले कर लगाईनेछ र असुल गरिनेछ। कवाडी मालको हकमा वार्षिक रु ३०००। दरले कर लगाईने र असुल गरिनेछ ।

## अनुसूचि ६

## सवारी साधन करको दर

| सि.न. | विवरण | दर रु. |
|---|---|---|
| १ | सवारी साधनको दर्ता दस्तुर | ३००।०० |
| २ | सवारी नामसारी दस्तुर | २००।०० |
| ३ | टाँगा, रिक्सा, अटो रिक्सा, ई-रिक्सा वार्षिक कर | ५००।०० |

## अनुसूचि ७

## बिज्ञापन करको दर

| सि.न. | विवरण | दर रु. |
|---|---|---|
| १ | सार्वजनिक स्थलमा होडिङ बोर्ड, साईन बोर्ड, ग्लो बोर्ड विज्ञापन प्रति व.फि. | १००।०० |
| २ | सार्वजनिक स्थलमा वाल पेन्ट विज्ञापन प्रति व.फि. | १०।०० |
| ३ | सार्वजनिक स्थलमा ब्यानर, फ्लेक्स बोर्ड विज्ञापन (बढिमा १ महिना सम्मको लागि) प्रति गोटा | ५००।०० |

| | | |
|---|---|---|
| ४ | माईकिङ्ग प्रचारप्रसार विज्ञापन (व्यवसायीक प्रयोजन) प्रति दिन | २००।०० |
| ५ | सार्वजनिक स्थलमा स्टल राखि प्रचारप्रचार विज्ञापन (व्यवसायीक प्रयोजन) प्रति दिन | १०००।०० |
| ६ | डिजिटल डिस्प्ले वा बोर्ड, एल.ई.डि.(LED) बोर्ड विज्ञापन वार्षिक | २०००।०० |
| ७ | अन्य प्रचार सामग्रीको हकमा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ । | |

(क) सार्वजनिक हित एवम् जनहितका लागि जारी गरिएको सूचनाको प्रचार प्रसारमा विज्ञापन कर लिन पाइने छैन।

(ख) गाउँपालिकामा व्यवसाय दर्ता गरी आफ्नो व्यवसायको पहिचानको लागि राखिएको परिचयपाटीमा विज्ञापन कर लाग्ने छैन।

(ग) विज्ञापन प्रचार गर्दा अवैधानिक तथा प्रतिबन्ध गरिएका विज्ञापन सामग्री प्रचार प्रसार गर्न पाईने छैन।

## अनुसूचि ८

## मनोरञ्जन करको दर

८.१) सिनेमाहल, भिडियोहल, साँस्कृतिक प्रदर्शनहल, नाचघर, दोहोरी संगित तथा मनोरञ्जन सामग्री पर्यटकीय स्थल, प्रदर्शन स्थलको प्रवेश शुल्कमा रु २।०० का दरले मनोरञ्जन कर लगाइनेछ ।

८.२) जादु, सरकश, चटक र मेला, आयोजना स्थल आदिमा मनोरञ्जन कर बापत प्रतिदिन रु. १५००/- लगाइनेछ ।

८.३) अन्य मनोरञ्जनसंग सम्बन्धीत सामग्री प्रदर्शन एवम् सञ्चालन क्षेत्रको लागि गाउँपालिकाले तोके बमोजिम कर असुल गरिनेछ ।

## अनुसूचि ९

## बहाल बिटौरी शुल्कको दर

दैनिक गुद्रि/हाटबजार/सासहिक हाट बजारमा (अस्थायी हाटबजार र घुम्ति पसल) प्रति दिन तथा गोटा देहायका दरले शुल्क लाग्नेछ ।

| सि.न. | विवरण | दर रु. |
|---|---|---|
| १ | **माछा, मासु बिक्री सम्बन्धी** | |

| | | |
|---|---|---|
| | खसि बोका काटि बिक्रि गर्ने पसलमा प्रति गोटा | १००/- |
| | सुगुर बंगुर काटी बिक्रि गर्ने पसलमा प्रति गोटा | १५०/- |
| | राँगा काटि काटी बिक्रि गर्ने पसलमा प्रति गोटा | २००/- |
| | माछा बिक्री गर्ने पसल | २५/- |
| २ | **कपडा तथा जुत्ता चप्पलसँग सम्बन्धी व्यवसायमा** | |
| | रेडिमेट सामान र थान कपडा बिक्री गर्ने पसलमा | ७५/- |
| | जुत्ता चप्पल बिक्री गर्ने पसल ठूलो | ५०/- |
| | जुत्ता चप्पल बिक्री गर्ने पसल सानो | २५/- |
| | जुत्ता चप्पल सिलाई गर्ने मोची | ५/- |
| ३ | **तरकारी तथा फलफूलसँग सम्बन्धी व्यवसायमा** | |
| | फलफूल, नास्ता ठेलामा राखि विक्री गर्ने | १५/- |
| | साग, सब्जी डोकामा वा डालामा ल्याई बेच्ने | ५/- |
| | डोको वा भारमा सव्जी ल्याई बेच्ने | ५/- |
| | सिजन अनुसारको साग, सव्जी, आलु पसल ठूलोमा | ३०/- |
| | सिजन अनुसारको साग, सव्जी, आलु पसल सानोमा | १५/- |
| | फलफूल सागसव्जी प्रति डोका | १०/- |
| | फलफूल सागसव्जी प्रतिवोरा र अन्य साना फलफूल पसलमा | १०/- |
| ४ | **खाद्यान्न सँग सम्बन्धीत** | |
| | चामल, दाल, अदुवा, लसुन, खोर्सानी आदि बिक्री गर्ने पसल | १०/- |
| | मकै पोलेर बेच्ने | ५/- |
| | किराना पसल | १५/- |
| | माछा मासु तरकारी बनाई बिक्री गर्ने | १५/- |
| ५ | **परम्परागत सिप सँग सम्बन्धी व्यवसाय** | |
| | माटा तथा ढुंगाका भाँडा वा साधन बेच्ने पसल सानो | १५/- |
| | माटा तथा ढुंगाका भाँडा वा साधन बेच्ने पसल ठूलो | १०/- |
| | कूचो, कुनीया नांलो बेच्ने | १०/- |
| | जडिबुटी बिक्री गर्ने, कपाल काट्नेलाई | २०/- |
| ६ | **पशुपन्छी बिक्री सँग सम्बन्धी** | |
| | गाई, गोरु, भैसी, रागा प्रतिगोटा | ६०/- |
| | खसि, बोका, भेडा प्रतिगोटा | ५०/- |
| | सुँगुर प्रतिगोटा | ४०/- |
| | हाँस, परेवा, कुखुरा बेच्नेलाई | १०/- |
| | एउटा मात्र हाँस, परेवा, कुखुरा बेच्नेलाई कर नलाग्ने | - |

| | | |
|---|---|---|
| ७ | **अन्य व्यवसायसँग सम्बन्धी कर** | |
| | चुरा, धागो, टीका सृंगार मनिहारी सँग सम्बन्धीत | १५/- |
| | मुरली, बाँसुरी, गुलेली, थैली, जुम्रा, उडुस मार्ने औषधि बेच्ने | ५/- |
| | खेल, तमासा देखाउने लाई | २५/- |
| | प्रचार, प्रसार गरी व्यवसाय गर्ने | २५/- |
| | बाँस प्रति ट्रेक्टर गाडा | २५/- |
| | बाँस प्रति ट्रक र टिपर | २००/- |
| | खटियामा सामान राखी बेच्ने | ५/- |
| | फलामको औजार तथा सामान बेच्ने | १०/- |
| | भाँडाकुडा पसल | १५/- |
| | खाजानास्ता दोकान | १५/- |
| | चटपटे पानीपुरी दोकान | १५/- |
| | चिया प्रति दोकान | १५/- |
| | फोटो फ्रमिङ्ग र विक्री | १०/- |
| | मर्मत (कुकर, लाईट, छाता आदी) | १०/- |

नोट : माथि नपरेको हाटबजार व्यवसाय शुल्कको हकमा गाउँपालिकाले निर्णय गरी रु १।- देखी रु ८०।- सम्म लिन सक्नेछ ।

## अनुसूचि १०

## सवारी पार्किङ्ग शुल्क

गाउँपालिकाले आफूले व्यवस्था गरेको सवारी पार्किङ्ग स्थलमा निम्नानूसार पटके पार्किङ्ग शूल्क लिने।

| सि.न. | सवारी साधन | दररेट रु. |
|---|---|---|
| १ | मोटरसाइकल, स्कूटर | १०।०० |
| २ | टोम्पो, अटो रिक्सा, ई-रिक्सा | २०।०० |
| ३ | जिप, कार, माईक्रो | ५०।०० |
| ४ | बस, ट्रक, ट्रिपर, टयाक्टर | १००।०० |
| ५ | ब्याकहो लोडर, ग्रेडर, स्काभेटर | १५०।०० |

## अनुसूचि ११

## सरकारी सम्पत्तिको वहालबाट प्राप्त आयको दररेट

| सि.न. | विवरण | दररेट रु. |
|---|---|---|

| | | |
|---|---|---|
| १ | गाउँपालिकाको सभाहलको हलभाडा शुल्क (प्रति दिन) | १०००।०० |
| २ | गाउँपालिकाको प्रोजेक्टर प्रयोग गरे बापत (प्रति दिन) | ५००।०० |
| ३ | गाउँपालिकाको ब्याकहो लोडर प्रयोग गर्दा (प्रति घण्टा इन्धन सहित),<br>गाउँपालिकाको ब्याकहो लोडर प्रयोग गर्दा (प्रति घण्टा इन्धन बाहेक),<br><br>सरकारी निकाय (गाउँपालिका र वडा कार्यालय बाहेक) द्वारा सार्वजनिक कार्यका लागि गाउँपालिकाको ब्याकहो लोडर प्रयोग गर्दा (प्रति घण्टा इन्धनसहित),<br>सरकारी निकाय (गाउँपालिका र वडा कार्यालय बाहेक) द्वारा सार्वजनिक कार्यका लागि गाउँपालिकाको ब्याकहो लोडर प्रयोग गर्दा (प्रति घण्टा इन्धन बाहेक), | २६००।००<br>१४००।००<br><br>२४००।००<br><br>१२००।०० |
| ४ | गाउँपालिकाको ट्याक्टर भाडामा प्रयोग गरे बापत दैनिक इन्धन चालक र सहचालक बाहेक | १५००।०० |

## अनुसूचि १२

## गाउँपालिकाले लगाउने सेवा शुल्क तथा दस्तुरहरु

### १२.१) शुल्क तथा दस्तुर :

| सि.न. | विवरण | दस्तुर रु. |
|---|---|---|
| १ | (क) निवेदन दर्ता दस्तुर | १०।०० |
| | (ख) सरसफाई शुल्क | १५।०० |
| २ | नाता प्रमाणित दस्तुर | ६००।०० |
| ३ | नागरिकता सिफारिस दस्तुर/नागरिकता प्रतिलिपी सिफारिस दस्तुर | ३००।०० |
| ४ | अंगीकृत नागरिकताको सिफारिस दस्तुर/ अंगीकृत नागरिकताको प्रतिलिपी सिफारिस दस्तुर | ५००।०० |
| ५ | मोही लगत कट्टा सिफारिस (प्रति रोपनी) | १००।०० |
| ६ | मोही नामसारी तथा मोही बाँडफाँडको सिफारिस (प्रति रोपनी) | ३००।०० |
| ७ | जग्गा दर्ता तथा नामसारीको सिफारिस | ५००।०० |
| ८ | रजिष्ट्रेशन पास भई आएको आर.सि.सि. भवनको नामसारी वापत (प्रति व.फि.) | २।५० |
| | रजिष्ट्रेशन पास भई आएको टिनको छानो भएको भवनको नामसारी वापत (प्रति व.फि.) | १।५० |
| | अन्य घरको नामसारी वापत | ३००।०० |

| | | |
|---|---|---|
| ९ | जग्गाधनि प्रमाणपूर्जा प्रतिलिपी सिफारिस/ जग्गाधनि प्रमाणपुर्जा हराएको सिफारिस | ३००।०० |
| १० | हकभोग तथा जोतभोगको सिफारिस दस्तुर (थप प्रति रोपनी थप रु.१००) | ३००।०० |
| ११ | नम्बरी तथा छुट दर्ता सम्वन्धी सिफारिस (थप प्रति रोपनी थप रु.१००) | ५००।०० |
| १२ | धनीपूर्जा नाम संशोधनको सिफारिस दस्तुर | ३००।०० |
| १३ | नागरिकता नाम संशोधनको सिफारिस दस्तुर | ३००।०० |
| १४ | नाम, उमेर, जन्ममितिको साधारण सिफारिस,<br>कुनै व्यक्तिको नामथर, जन्ममिति तथा वतन फरक फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस | ३००।००<br>५००।०० |
| १५ | स्थायी बसोबास सिफारिस दस्तुर | ३००।०० |
| १६ | अपूतालीको सिफारिस दस्तुर | ५००।०० |
| १७ | सर्जमिन मुचुल्का सिफारिस | ३००।०० |
| १८ | चारित्रिक प्रमाणित सिफारिस | ५००।०० |
| १९ | तीन पुस्ते खुल्ने सिफारिस | ३००।०० |
| २० | पञ्जिकरण लागु हुनुभन्दा अगाडिको जन्ममिति विवाहको सिफारिस/प्रमाणित | ५००।०० |
| २१ | अङ्ग्रेजी भाषाबाट गरिने जन्म, मृत्यू, विवाह, नाता, प्रमाणित र अन्य सिफारिस | ५००।०० |
| २२ | संस्थागत अनुरोधमा व्यक्ति विशेषलाई गरिएको किटानी सिफारिस | ३००।०० |
| २३ | विद्युत, टेलिफोन र खानेपानी जडानका लागि गरिने सिफारिसमा | ५००।०० |
| २४ | बैंदेशिक रोजगारका लागि गरिने सिफारिस दस्तुर | ५००।०० |
| २५ | विदेशका लागि गरिने पेन्सनपट्टा तथा अन्य सिफारिस | ७००।०० |
| २६ | पेन्सनपट्टाको सन्दर्भमा स्वदेशको लागि गरिने सिफारिसमा | ३००।०० |
| २७ | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | २००।०० |
| २८ | व्यक्तिगत घटना दर्ता नक्कल/प्रतिलिपि शुल्क | ५००।०० |
| | व्यक्तिगत घटना दर्ता नक्कल/प्रतिलिपि शुल्क (काबु बाहिरको परिस्थितिमा) **(काबु बाहिरको परिस्थितिको कारणले व्यक्तिगत घटना दर्ता प्रमाणपत्र हराएको वा नासिएको प्रमाणित भएमा)** | २५०।०० |
| २९ | लेनदेन रकमको कागज प्रमाणित दस्तुर<br>(लेनदेन गर्ने दुवै पक्ष उपस्थित भई प्रमाणित कागजातमा दुवै पक्षले रोहबरमा दस्तखत र ल्याप्चे गरे पश्चात प्रमाणित गर्नु पर्दछ।) | ५००।०० |
| ३० | कृषि तथा अन्य प्रसार समूह दर्ता/ नविकरण दस्तुर | ५००।०० |
| ३१ | अन्य सामान्य सिफारिस | ३००।०० |
| ३२ | संघ संस्थालाई गरिने अन्य सामान्य सिफारिस | ३००।०० |

| | | |
|---|---|---|
| ३३ | माथि उल्लेख नभएका सामान्य सिफारिस | ५००।०० |

| सि.न. | विवरण | दस्तुर रु. |
|---|---|---|
| ३४ | व्यावसाय रजिष्ट्रेशन दस्तुर (२० लाख सम्म पूँजी भएको) | ५००।०० |
| | व्यावसाय रजिष्ट्रेशन दस्तुर (२० लाख भन्दा माथी पूँजी भएको) | १०००।०० |
| ३५ | व्यवसाय नामसारी दस्तुर | ५००।०० |
| ३६ | **चारकिल्ला प्रमाणित दस्तुर** | |
| | ३ रोपनी सम्मको | ५००।०० |
| | ३ देखि ७ रोपनी सम्मको | ७००।०० |
| | ७ रोपनी देखि १० रोपनी सम्म | १०००।०० |
| | १० रोपनी २० रोपनी सम्म | १५००।०० |
| | २० रोपनी भन्दा माथि जतिसुकै भएता पनि | २५००।०० |
| | **नोट : एक रोपनी भन्दा कम जतिसुकै जग्गा भएपनि सो जग्गालाई एक रोपनी वराबरको चार किल्ला सिफारिस शुल्क लिईनेछ ।** | |
| ३७ | **घरबाटो प्रमाणित दस्तुर** | |
| | व्यापारिक क्षेत्रको घरबाटो प्रमाणित दस्तुर | १५००।०० |
| | आवासीय जग्गाको (क) क्षेत्रको घरबाटो प्रमाणित दस्तुर | १०००।०० |
| | आवासीय जग्गाको (ख) क्षेत्रको घरबाटो प्रमाणित दस्तुर | ६००।०० |
| | आवासीय जग्गाको (ग) क्षेत्रको घरबाटो प्रमाणित दस्तुर | ५००।०० |
| | कृषि क्षेत्रको घरबाटो प्रमाणित दस्तुर | ४००।०० |
| | वन, भिरपाखा, बगर क्षेत्रको घरबाटो प्रमाणित दस्तुर | ३००।०० |
| ३८ | **घर नक्सा पास दस्तुर** | |
| | पक्की छत पिटेको १००० वर्ग फिट भन्दा माथिको भवन (प्रति वर्ग फिट) | ४।०० |
| | पक्की छत पिटेको १००० वर्ग फिट सम्मको भवन (प्रति वर्ग फिट) | ३।०० |
| | ईटाको गाह्रो, टिनको छानो भएको भवन (प्रति वर्ग फिट) | १।५० |
| | काठको सेन्टर घेराबारा भएको भवन (एकमुष्ट) | ५००।०० |
| | **नक्सापास दस्तुर- पर्खाल** | |
| | कम्पाउण्ड वाल पर्खाल निर्माण गर्दा (प्रति रनिङ फिट) | २।०० |
| | **नक्सा नापजाच शुल्क** | |
| | घरनक्सा निरीक्षण तथा सर्जमिन शुल्क | ५००।०० |
| | घर निर्माण गर्दा भौतिक पूर्वाधार सुधार शुल्क | ५००।०० |

| | | |
|---|---|---|
| | नक्सा प्रमाणिकरण | ५००।०० |
| | नक्साको प्रतिलिपी दस्तुर | ५००।०० |
| | नक्सा संशोधन दस्तुर | ५००।०० |
| | नक्सापासको निवेदन किताव दस्तुर | ५००।०० |
| | घरनक्सा पासको धरौटीबापत **(घरनक्सा पास दस्तुरको ५० प्रतिशतले हुने रकम)** | |
| ३९ | **दण्ड जरिवाना** | |
| | विना इजाजत निर्माण कार्य गरी नक्सा पासको प्रकृयामा आएमा, | |
| | क. एक चरण अगाडिको कार्य सुरु गरेमा प्रति बर्ग फिट | १।०० |
| | ख. एक चरण अगाडिको कार्य सम्पन गरेमा प्रति बर्ग फिट | १।५० |
| | ग. सार्वजनिक जग्गातर्फ तोकिएको सेट ब्याक तथा छज्जा नछोडेको हकमा प्रति बर्ग फिट | ५०।०० |
| | घ. गाँउपालिकाद्वारा तोकिएको खूला क्षेत्र नछोडि निर्माण कार्य गरेमा प्रति बर्ग फिट | ७५।०० |
| ४० | प्रमाण पूर्जा भन्दाबढि जग्गा भोगचलन गरेको तर कोही कसैको दावी बिरोध नभएकोमा | |
| ४१ | क. भवन निमार्ण गरेमा प्रति बर्ग फिट | ५०।०० |
| ४२ | निर्माण कार्यको लागि स्वीकृत लिई तोकिएको म्याद गुजारी निर्माण सम्पन्न प्रमाण पत्रका लागि पूनः प्रकृयामा आउनेको हकमा चालु आ.व.को नक्सापास दस्तुरको ५० प्रतिशतले हुने रकम दस्तुर लिई पूनः नक्सापास प्रकृयामा अगाडि बढाउने । | |
| ४३ | माथिको जरिवाना शुल्क वाहेक थप विषयमा प्रचलित कानूनले व्यवस्था गरेको जरिवानाको आधारमा गाउँपालिकाले सोही बमोजिम गर्न सक्नेछ। | |
| ४४ | **घर कायम सिफारिस** | |
| | घर कायम सिफारिस आर.सि.सि. घर | १५००।०० |
| | घर कायम सिफारिस पक्कीमा टिनको छाना | ७००।०० |
| | घर कायम कच्ची सबै प्रकारका | ३००।०० |
| ४५ | अमिन सेवा शुल्क ले आउट तथा सिफारिस | ५००।०० |
| ४६ | माग निवदेनका आधारमा अमिन सेवा शुल्क (एक रोपनी भन्दा वढीका लागि प्रति रोपनी थप रु.२००) | ५००।०० |
| ४७ | जग्गा प्लानिङ्ग सिफारिस शुल्क प्रतिरोपनी (भु उपयोग योजनाको नीति अनुरुप गर्नुपर्दा) | १०००।०० |

| सि.न. | विवरण | दस्तुर रु. |
|---|---|---|
| ४८ | **आय मुल्याङ्कन प्रमाणित दस्तुर** | |
| | रु. ५ लाख सम्मको मुल्याङ्कनमा | ५००।०० |
| | रु. ५ लाख माथि १० लाख सम्म | ७५०।०० |
| | रु. १० लाख माथि २० लाख सम्म | १०००।०० |
| | रु. २० लाख माथि ५० लाख सम्म | २०००।०० |
| | रु. ५० लाख माथि १ करोड सम्म | ४०००।०० |
| | रु. १ करोड भन्दामाथि थप रु ५० प्रति ५ लाख (पाँच लाख) | |
| ४९ | घरजग्गा लगायत अचल सम्पत्तिको मुल्याङ्कन प्रमाणित दस्तुर प्रतिलाख रु. | ७०।०० |
| ५० | निजी स्तरको कलेज स्वीकृतिको लागि सिफारिसमा | ७०००।०० |
| | निजी उच्च माध्यमिक तहको विद्यालय स्वीकृतिको सिफारिस दस्तुर | ५०००।०० |
| | निजी स्तरका माध्यामिक तहको विद्यालय स्वीकृतिको सिफारिस दस्तुर | ३०००।०० |
| | निजी स्तरको निम्न माध्यिमक तहको विद्यालय स्वीकृतिको सिफारिस दस्तुर | २०००।०० |
| | निजी स्तरका प्राथमिक तथा सो मुनीका तहको विद्यालय स्वीकृतिको सिफारिस दस्तुर | १५००।०० |
| | निजी स्तरका विद्यालयको कक्षा थपको सिफारिस दस्तुर,<br>विद्यालय सम्बन्धी अन्य सिफारिस | १५००।००<br>५००।०० |
| | लब्धाङ्क पत्रको प्रतिलिपी | ३००।०० |
| ५१ | खयर/सखुवा रुख काट्ने सिफारिस प्रति रुख, | १००।०० |
| | अन्य रुख काट्ने सिफारिस प्रति रुख, | ५०।०० |
| ५२ | **काठ, दाउरा सम्बन्धी ढुवानी तथा अन्य सिफारिस** | |
| | दाउरा सिफारिस (प्रति ट्याक्टर) | ५००।०० |
| | दाउरा सिफारिस (प्रति ट्रक) | १५००।०० |
| | गोलीया काठ सखुवा (प्रति क्यू.फिट) | १५।०० |
| | गोलीया काठ अन्य (क्यू.फिट) | १।०० |
| ५३ | गाउँपालिकामा स्काभेटर प्रवेश गरी गाउँपालिकाभित्र जुनसुकै प्रकारको कार्य गर्न प्रयोग भएमा गाउँपालिकाले स्काभेटर भए प्रति घण्टा रु.५०/- को दरले र ब्याकहो लोडर भए प्रति घण्टा रु.३०/- को दरले सेवा शुल्क लिनेछ । | |
| ५४ | **सरुवा सहमति निवेदन दस्तुर** | |
| | रा.प.अ. द्धितीय श्रेणी वा सहायक स्तर चौंथो वा प्राथमिक तह | ५००।०० |
| | रा.प.अ. प्रथम श्रेणी वा सहायक स्तर पाँचौ वा निम्न माध्यमिक तह | ७००।०० |
| | रा.प. तृतीय श्रेणी वा अधिकृत स्तरका कर्मचारी वा माध्यमिक तह | १०००।०० |
| ५५ | सूचि दर्ता दस्तुर | १००।०० |

## १२.२) अस्पताल सेवा तथा स्वास्थ्य प्रयोगशाला सेवा शुल्क :

| सि.न. | प्रदान गरिने सेवा | शुल्क | सि.न. | प्रदान गरिने सेवा | शुल्क |
|---|---|---|---|---|---|
| १ | Sputum (AFB Stain) | ० | २३ | RA Factor | २५० |
| २ | Blood Sugar Fasting (F) | ६० | २४ | Occult Blood | १०० |
| ३ | Blood Sugar (PP) | ६० | २५ | Urine R/E | ३० |
| ४ | Blood Sugar (R) | ६० | २६ | Stool R/E | ३० |
| ५ | Blood Urea | १०० | २७ | HB Sag | २५० |
| ६ | Albumin | ८० | २८ | Mantoux Test | १२५ |
| ७ | RFT (Ur-Cr) | २५० | २९ | Widal Test | १५० |
| ८ | Serum Uric Acid | १२५ | ३० | HCV | १५० |
| ९ | CBC | २५० | ३१ | S.Bilirubin T | २५० |
| १० | BT (Bleeding Time) | ५० | ३२ | S.Bilirubin D | १५० |
| ११ | CT (Cloting TIme) | ५० | ३३ | Lipied Profile | ६०० |
| १२ | DLC | २५ | ३४ | T. Cholesterol | १५० |
| १३ | TLC | २५ | ३५ | Triglyceride | १५० |
| १४ | Hb (Haemoglobin) | २५ | ३६ | HDL Cholesterol | १५० |
| १५ | PCV | ५० | ३७ | LDL Cholesterol | १५० |
| १६ | Blood Grouping | ६० | ३८ | T Protein | १२५ |
| १७ | UPT | १०० | ३९ | Urea | १०० |
| १८ | Asotrite | २५० | ४० | Creatinine | १५० |
| १९ | बिरामी पुर्जा कार्ड | १० | ४१ | इमरजेन्सी सेवा पुर्जा कार्ड | ५० |
| २० | ड्रेसिङ शुल्क | ५० | ४२ | नेबुलाइजर शुल्क | २५ |
| २१ | बेड चार्ज (प्रतिदिन) | २५ | ४३ | माइनर ओ.टी. चार्ज | ५०० |
| २२ | सुचर चार्ज, | | | | |
| | १-३ टाँका | १०० | | | |
| | ४-६ टाँका | २०० | | | |
| | ७ भन्दा बढी टाँका | ३०० | | | |

## १२.३) फाराम/कार्ड दस्तुर र अन्य दस्तुरको दर :

| सि.न. | विवरण | दस्तुर रु. |
|---|---|---|
| १ | सबै प्रकारका निवेदन फाराम दस्तुर | १०।०० |
| २ | सामान्य प्रकृतिका कार्ड र फाराम दस्तुर | २५।०० |
| ३ | व्यवसाय प्रमाण पत्र नया कार्ड दस्तुर | ३००।०० |

| | | |
|---|---|---|
| ४ | व्यवसाय नवीकरण कार्डको प्रतिलिपी दस्तुर | ७५।०० |
| ५ | जनसहभागितामुलक योजना माग दरखास्त फाराम | १५।०० |
| ६ | सम्पत्ति कर तथा भूमि करको निवदेन फाराम दस्तु | १५।०० |
| ७ | पारिवारिक लगत (जनसंख्या) कार्ड नविकरण दस्तुर | ५०।०० |
| ८ | मजदुर परिचय पत्र दस्तुर | ५०।०० |
| ९ | चार चक्के गाडिको ब्लुक बुक कार्ड सिफारिस दस्तुर | ३२५।०० |
| १० | धरौटी फिर्ताको निवेदन माग फाराम | १०।०० |
| ११ | गाउँपालिकाको तथ्यांक कार्डको (प्रति पाना) | १००।०० |
| १२ | साना तथा घरेलु उद्योग दर्ता सिफारिस | १०००।०० |
| १३ | मझौला उद्योग दर्ता सिफारिस | २५००।०० |
| १४ | ठूला उद्योग दर्ता सिफारिस | ३५००।०० |
| १५ | संघ, संस्था सिफारिस | ५००।०० |

**१२.४) अन्य शुल्क तथा दस्तुर :**

**(क) विद्युत टेलिफोन पोल कर** : नेपाल विद्युत प्राधिकरण र नेपाल टेलिकमको पोललाई गाउँपालिका क्षेत्रभित्र केन्द्रिय प्रशारण लाईनलाई वार्षिक प्रति पोल रु .१५००।- र स्थानीय प्रशारण लाईनलाई वार्षिक रु.५००।- लिईनेछ।

**(ख) टेलिफोनको टावर :** यस गाउँपालिकामा कुनै व्यक्तिको जग्गा वा घर वा अन्य जग्गा वा घरमा राखिएका एवम् जडान भएका टेलिफोन टावरहरुलाई वार्षिक रु. ५०००।- गाउँपालिका शुल्क लिईनेछ।

(ग) गाउँपालिका भित्र प्राकृतिक श्रोत साधनको प्रयोग गर्दा गाउँपालिकाको पूर्व अनुमाति लिई कर शुल्क बुझाई मात्र प्रयोग गर्न दिईनेछ । प्राकृतिक श्रोत र साधनको उपयोगमा कर, शुल्क दस्तुर निर्धारण गर्ने अधिकार गाउँ कार्यपालिकालाई प्रत्यायोजन गरिएको छ।

(घ) गाउँपालिकाको पूर्वाधार मर्मत तथा सम्भार प्रयोजनका लागि गाउँपालिका भित्र प्रवेश गर्ने निर्माणका साधन स्काभेटर, व्याकहो लोडर साथै अन्य सवारी साधनलाई एक (१) पटकको लागि निम्न शूल्क लिईनेछ :

१.स्काभेटर रु.७०००।-

२.व्याकहो लोडर रु.५०००।-

३.निजी वा भाडाका ट्रक, टयाक्टर बस, लहरी रु.२०।-

४.निजी वा भाडाका मिनि बस, मिनि ट्रक, मिनि ट्याक्टर रु.१०।-

५.निजी वा भाडाका जीप, कार, ल्याण्डरोभर, टेम्पो रु.५।-

६.विदेशी नम्वर भएका बस, ट्रक, लहरी रु.१००।-

७.विदेशी नम्वर भएका भेन, जीप, कार ट्याक्सी रु.५०।-

**(ङ) सहिदभूमि गाउँपालिकाको ऐन, नियमावली तथा कार्यविधिहरुमा व्यवस्था भए अनुसार :-**

**१. परीक्षा शुल्क**

- श्रेणी विहीन (कार्यालय सहयोगि) परीक्षा शुल्क रु ४००।-
- रा.प.अ. प्रथम र द्धितीय श्रेणी वा सहायक स्तर चौथो र पाचौ वा सो सरह परीक्षा शुल्क रु ७००।-
- रा.प. तृतीय श्रेणी वा अधिकृत स्तर वा सो सरह परीक्षा शुल्क रु १०००।-

**२. न्यायिक समिति (कार्यसम्बन्धी) ऐन बमोजिमका दस्तुर**

- उजुरी दर्ता दस्तुर रु १००।—
- प्रतिवाद दस्तुर रु १००।-
- नक्कल दस्तुर रु ५।- (सक्कलको प्रति पृष्ठ)
- मिलापत्र दस्तुर रु ३००।-

**३. संस्था दर्ता :**

- ऐन, नियमावली भन्दा अगाडि सञ्चालनमा रहेका संस्थालाई दर्ता शुल्क रु ५००।-
- ऐन, नियमावली बमोजिम दर्ता हुने संस्थालाई दर्ता शुल्क रु १०००।-
- आ.व. समाप्त भएको मितिले ३ महिना भित्र नविकरण गरेमा नविकरण दस्तुर रु ५००।-
- पुनः ३ महिना पछि नविकरण गरेमा थप नविकरण दस्तुर रु १००।-
- आषाढ मसान्त सम्म थप नविकरण दस्तुर रु ३५०।-
- एक (१) आ.व. भित्र नविकरण नगरेमा प्रत्येक आ.व. नविकरण दस्तुर रु ५०० र प्रत्येक आ.व. थप जरिवाना रु १०००।-
- अग्रिम रुपमा ५ वर्षका लागि नविकरण गर्ने भएमा प्रति आ.व. नविकरण दस्तुर रु ५००।-का दरले अग्रिम नविकरण दस्तुर रु २५००।-

**४. जलस्रोत उपयोगको अनुमति :**

- खानेपानी र घरेलु उपयोग वापत रु ५००।-

- सिंचाई उपयोग वापत रु ५००।-
- पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग वापत रु ५००।-
- घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग वापत रु ५००।-
- जल यातायात वापत रु २५००।-
- आमोद प्रमोदजन्य उपयोग वापत रु २५००।-
- लघु जलविद्युत उपयोग वापत रु ५०००।-
- व्यक्तिगत तथा व्यापारिक प्रयोजनका लागि भूमिगत उपयोग वापत व्यक्तिगत रु २५००।- र व्यापारिक रु १००००।-
- अन्य उपयोग रु ५००।-

**सिंचाईको हकमा वार्षिक शुल्क**

- १०० रोपनी सम्मको जमिनमा सिंचाईवापत रु ५००।-
- १०० देखि २०० रोपनी सम्मको जमिनमा सिंचाईवापत रु १०००।-
- २०० देखि ३०० रोपनी सम्मको जमिनमा सिंचाईवापत रु १५००।-
- ३०० देखि ४०० रोपनी सम्मको जमिनमा सिंचाईवापत रु २०००।-
- ४०० देखि ५०० रोपनी सम्मको जमिनमा सिंचाईवापत रु २५००।-
- ५०० रोपनी भन्दा माथिको जमिनमा सिंचाईवापत रु ३५००।-

**खानेपानीको हकमा वार्षिक शुल्क**

- खानेपानी वितरण गर्ने संस्थाबाट मिटर जडान भएकोमा प्रतिधारा रु ५ र मिटर जडान नभएकोमा प्रति घरधुरी रु १०।-
- घरेलु उद्योगमा पानीको मुल प्रयोग गरेवापत रु १०००।-
- औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग गरेवापत रु १००००।-
- आमोद प्रमोदजन्य प्रयोग गरेवापत रु १००००।-
- व्यक्तिगत तथा व्यापारिक प्रयोजनका लागि भूमिगत उपयोगवापत व्यक्तिगत रु २५००।- र व्यापारिक रु १००००।-
- अन्य उपयोग रु ५००।- देखि रु ५०००।- सम्म

## अनुसूचि १३

### आय ठेक्का

१३.१) विभिन्न आय ठेक्काको आ.व. २०८२/०८३ को लागि न्यूनतम ठेक्का अंकको विवरण :

| क.स. | ठेक्काको नाम | न्यूनतम अंक वार्षिक |
|---|---|---|
| १ | थलथले बुधबारे हटिया, स.गा.पा-६ | ६७५००/- |
| २ | पञ्चकन्या बुधबारे हटिया, स.गा.पा-३ | ३००००/- |
| ३ | वडा नं. १ अन्तर्गत घंघरु, पोखरे र त्रिवेणी पशुहाट कर | ३६०००/- |
| ४ | ल्याण्डफिल्ड क्षेत्रबाट कवाड सामान संकलन तथा विक्री | २००००/- |
| ५ | विज्ञापन कर संकलन (सहिदभूमि गाउँपालिका क्षेत्र भित्र) | १३५००/- |

१३.२) विभिन्न आय ठेक्काको आ.व. २०८२/०८३ को लागि न्यूनतम ठेक्का अंकको विवरण :

| क.स. | ठेक्काको नाम | न्यूनतम अंक मासिक |
|---|---|---|
| ५ | पञ्चकन्या बजारको सहिदपार्क मुनिको दुई वटा सटर (एकमुष्ठ) | ३०००/- |
| ६ | पञ्चकन्या स्थित महिला सामुदायिक भवनको २ कोठा भवन (एकमुष्ठ) | २५००/- |

(साप्ताहिक हाटबजारमा रहेका व्यापारिक सेट तथा सर्टरहरुको भाडा स्थानीय बजार दर तथा व्यवसायीहरुको सहमती समेतको आधारमा ठेकेदारले निर्धारण गरि लागु गर्ने।)

**पुनश्च :** यस ऐनमा उल्लेख भएका विषय र कर दस्तुरको दररेटमा संघीय सरकार र प्रदेश सरकारसँग बाझिएमा, बाझिएको जति संघीय सरकार र प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।